# CTEVT KOSHI PROVINCE

## e-News Bulletin

२०८२ वर्षः १ अङ्कः १













### यस अङ्कका आकर्षण


- सम्पादकीय
- कोशी प्रदेशको परिचय
- शिक्षालयको परीचय
- समाचार तथा गतिविधिहरू
- परियोजनाको गतिविधि
- सफलताको कथा








**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**

**कोशी प्रदेश कार्यालय, इटहरी, सुनसरी**

सम्पर्कः ०२५५८७०१९,०२५५८८७८६,०२५५८८८८७,०२५५८६७४० www.ctevtkoshi.org.np

**सल्लाहकार**
श्री उमेश प्रसाद खरेल

**सम्पादक मण्डल**
श्री होम नाथ अधिकारी
श्री राजीव कुमार ठाकुर
श्री दुखी मोची
श्री पारश मणी मिश्र
श्री पवन भण्डारी

**कम्प्यूटर डिजाइन**
श्री राजीव कुमार ठाकुर
श्री नारद राई

**समन्वय तथा योगदान**
श्री शंकर देव कोईराला
श्री निरज चौधरी
श्री असल सुनुवार
श्री नविन चापागाई

**प्रकाशक**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरी
फोन नं. ०२५-५८७०१९, ५८८७८६,
५८८८८७, ५८६७४०
इमेल : erroitahari@gmail.com
वेवसाइट : https://ctevtkoshi.org.np/

प्रकाशन मितिः २०८२ भाद्र

# सम्पादकीय

नेपालमा शिक्षालाई जीवन उपयोगी बनाउने उद्देश्यले विद्यालय तहमा व्यावसायिक सीप तथा ज्ञान सिकाउने प्रयास वि.सं. २००४ देखि नै सुरु भएको पाइन्छ। यसरी हेर्दा नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको इतिहास आठ दशकभन्दा लामो रहेको छ। यो लामो अवधिमा प्राविधिक शिक्षाले ठुलै फड्को मारेको देखिन्छ। बि.सं २०४५ सालमा नेपाल सरकारले प्राविधिक शिक्षाका लागि अलग्गै स्वायत्त संस्थाका रूपमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) को स्थापना गरेपछि प्राविधिक शिक्षा तर्फ सार्थक प्रयासहरू हुँदै आएका छन्। प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) स्थापनाको मुख्य उद्देश्य नेपालमा आधारभूत तथा मध्यम स्तरको प्राविधिक जनशक्ति उत्पादन गर्नुको साथै प्राविधिक शिक्षासँग सम्बन्धित नीति निर्माण, सीप परीक्षण तथा प्रमाणीकरण, पाठ्यक्रम निर्माण, योजना तर्जुमा, स्तर निर्धारण, अध्ययन तथा अनुसन्धान, विभिन्न सरोकारवाला निकायसँग समन्वय र सहकार्य लगायतका कार्यहरू गर्दै आइरहेको छ।

हाल परिषद् अन्तर्गत ७ वटा प्रदेश कार्यालयहरू रहेका छन जस मध्ये कोशी प्रदेश कार्यालय एक हो ।कोशी प्रदेश कार्यालयको स्थापना बि.सं. २०६९ सालमा इटहरी, सुनसरीमा भएको हो। यस प्रदेश अन्तर्गत परिषद्का ७ वटा आङ्गिक शिक्षालय, १५ वटा साझेदारी शिक्षालय, ४४ वटा सामुदायिक विद्यालय र ५२ वटा निजी शिक्षालयहरू सञ्चालित छन् । त्यसैगरी छोटो अवधिको सीपमूलक तालीम सञ्चालन गर्ने संस्थाहरूको संख्या २०१, सीप परीक्षण केन्द्र १० तथा कोशी प्रदेश अन्तगत प्राविधिक शिक्षाको पहुँच नपुगेको स्थानीय तह २३ वटा रहेका छन ।

कोशी प्रदेश कार्यालयले प्राविधिक शिक्षा तथा तालीम सँग सम्बन्धित विभिन्न कार्य तथा सेवाहरू प्रदान गर्दै आइरहेको छ, जसमा प्रि-डिप्लोमा तथा डिप्लोमा तहको परीक्षा संचालन र व्यवस्थापन, प्रि-डिप्लोमा तहको नतिजा प्रकाशन तथा लब्धाङ्क पत्र वितरण, वर्गीकृत, विशेष जेहनदार छात्रवृत्ति तथा पूर्ण शुल्कीय कोटाको प्रवेश परीक्षा संचालन, व्यवस्थापन तथा नतिजा प्रकाशन, सिप परीक्षण सम्बन्धी कार्य, शैक्षिक संस्थाहरूको नियमित अनुगमनको साथै छोटो अवधिको तालिम संचालन गर्ने संस्थाहरुको लागि सम्बन्धन सिफारिस सम्बन्धी कार्य गर्दै आइरहेका छन ।

बि.सं २०८२ को एस.ई.ई. को नतिजा प्रकाशन भए संगै परिषद्ले शैक्षिक सत्र २०८२/०८३ को लागि डिप्लोमा तथा प्रि-डिप्लोमा तहका कार्यक्रमहरू अध्ययन गर्ने ईच्छुक विद्यार्थीहरूको लागि भर्ना खोलेको छ ।परिषद्को प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ अनुसार यस शैक्षिक सत्र बाट लागु हुनेगरी प्रवेश परीक्षा हटाइएको छ भने एस.ई.ई परीक्षामा प्राप्त औसत ग्रेड प्वाइन्ट (GPA) को आधारमा उच्च अंक प्राप्त गर्ने उम्मेदवारको योग्यता क्रम सूची निर्धारण गरी भर्ना गराइने छ।

प्राविधिक शिक्षा तथा तालीमलाई स्थानीय स्तर सम्म पुर्याउनकोलागि नेपाल सरकारले आ. ब. २०८२/०८३ को नीति तथा कार्यक्रमको ६५ नम्बर बुँदामा बिद्यालय शिक्षा पुरा गरे साथ विद्यार्थीहरूको ग्रेडिङ आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा वा विश्वविद्यालय शिक्षामा प्रवेश गराइने र प्राविधिक शिक्षाको धारलाई विश्वविद्यालय तह सम्म पुर्याउने व्यवस्था छ । १६ औं योजनामा समेत प्राविधिक तथा व्यवसायिक शिक्षाको प्रभावकारिता अभिवृद्धि गर्ने, व्यवसायिक तथा सीपमुलक तालीमलाई श्रम बजार अनुकुल हुनेगरी व्यवस्थापन गर्ने विभिन्न रणनीतिहरूको व्यवस्था गरीएकोबाटपनि राज्यको प्राविधिक तथा व्यवसायिक शिक्षाको प्राथमिकता रहेको स्पष्ट हुन्छ ।

# CTEVT कोशी प्रदेश कार्यालयः एक परिचय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् ऐन २०४५ बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । यस परिषद्ले आफ्नो ३७ औँ वर्षको यात्रा पुरा गरीसकेको छ । यस यात्राको दौरानमा प्राविधिक क्षेत्रमा आधारभूत र मध्यम स्तरको दक्ष शैक्षिक जनशक्ति उत्पादन गर्न यसको महत्वपूर्ण भुमीका विगतमा रहेको थियो, वर्तमानमा रहेको छ र भविष्यमा समेत रहीरहनेछ । २०७२ सालको संविधान जारी भए पश्चात् नेपाल संघीय संरचनामा गइसकेपछि संविधानको कार्यविस्तृतीकरण प्रतिवेदनले संघीय सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारुप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड निर्धारण र नियमन गर्ने व्यवस्था उल्लेख गरीएको छ । प्रदेश सरकारले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको प्रादेशिक नीति, पाठ्यक्रम र पाठ्य सामग्री निर्माण, कार्यान्वयन र नियमन गर्ने र प्राविधिक शिक्षा तथा व्यावसायीक तालीमको छात्रवृत्ति व्यवस्थापन गर्ने सम्बन्धी उल्लेख गरीएको छ । त्यस्तै गरी स्थानीय तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको योजना तर्जुमा, सञ्चालन अनुमति र नियमन सम्बन्धी कार्य गर्ने उल्लेख छ । मुलुकमा संघीयता लागु भएको १० वर्ष बितिसक्दा पनि संघीयता अनुकुलको प्राविधिक तथा व्यावसायीक तालीम ऐन आउन नसकेको तितो सत्य हामी माझ जगजाहेरै छ । संघीयता अनुकुलको प्राविधिक शिक्षा तथा व्यावसायीक तालीम परिषद् ऐन समयमा नै निर्माण हुन नसक्दा नेपाल सरकारले आर्थिक वर्ष २०८०/०८१ को बजेटमा उल्लेख गरेको प्राविधिक शिक्षा तथा व्यावसायीक तालीम परिषद् अन्तर्गतका प्राविधिक शिक्षालयहरु प्रदेश सरकारबाट सञ्चालन गर्ने गरी हस्तान्तरण गरीने व्यवस्था भएता पनि उक्त शिक्षालयहरु हस्तान्तरण हुन सकेनन् भने प्रदेश सरकारहरुबाट प्रादेशिक प्राविधिक शिक्षा ऐन पारित गरी संरचना समेत निर्माण गरेर प्राविधिक तथा व्यावसायीक शिक्षाका कार्यक्रमहरु संचालन भइरहेका छन् । यसरी प्राविधिक शिक्षा तथा व्यावसायीक तालीममा सरकारको दोहोरो लगानी (संघ र प्रदेशमार्फत) भइरहेको अवस्था छ । सरकारको प्राथमिकतामा प्राविधिक शिक्षा पर्नु लगानीकर्ताहरुको लागि खुसीको कुरा हो भने अर्कोतिर लगानीमा दोहोरोपना देखिनु राज्यलाई वित्तीय भार बढ्दै जानु हो । पछिल्लो तथ्यांकलाई हेर्दा प्राविधिक शिक्षा तर्फ विद्यार्थीको आकर्षण समेत घट्दै गइरहेको अवस्था छ । लगानी बढ्दै जानु र विद्यार्थी आकर्षण घट्दै जानु संघ, प्रदेश र स्थानीय तिनै तहको सरकारको लागि चुनौतीको रुपमा देखा परेको छ ।

संघ, प्रदेश र स्थानीय सरकारको प्राथमिकतामा प्राविधिक शिक्षा परेता पनि यसमा सबै नागरीकको पहुँच पुग्न नसकेको अवस्था छ । कोशी प्रदेशमा CTEVT को पहुँचलाई हेर्दा १४ वटा जिल्लाहरुमा नै प्राविधिक शिक्षा पुगिसकेको छ भने १३७ वटा स्थानीय तहहरु मध्ये ४४ वटा स्थानीय तहहरुमा मात्र CTEVT को सम्बन्धन स्वीकृत प्राप्त आंगिक शिक्षालय ७, टेक्स शिक्षालय ४१, साझेदार शिक्षालय १५ र निजी शिक्षालय ५३ गरी जम्मा ११६ प्राविधिक विद्यालय/शिक्षाल यहरु रहेका छन् ।






# सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुरः परिचय

सुम्निमा बहुप्राविधिक शिक्षालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) को आंगिक शिक्षालय हो । यो शिक्षालय (CTEVT) कोशी प्रदेश अन्तर्गतको दोश्रो पुरानो शिक्षालय हो । यस शिक्षालयको स्थापना वि.सं. २०६९ सालमा भोजपुर जिल्ला, भोजपुर नगरपालिका वडा नं-६ को देउरालीमा भएको हो । स्थापनाकाल देखिनै यस शिक्षालयमा डिप्लोमा तह सिभिल इन्जिनियरिङ्ग र डिप्लोमा तह कृषि (वाली बिज्ञान) कार्यक्रम संचालन हुदै आई रहेकोमा वि.सं. २०८० सालबाट डिप्लोमा तह कृषि (पशु बिज्ञान) तर्फको कार्यक्रमहरू पनि संचालनमा आएको छ । यसका अतिरिक्त विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत वि.सं. २०७७ सालबाट डिप्लोमा तह सिभिल इन्जिनियरिङ्ग र वि.सं. २०७८ सालबाट डिप्लोमा तह कृषि वाली बिज्ञान कार्यक्रम तथा सम्बन्धित पेशा व्यवसायमा छोटो अवधिको तालीमहरु समेत संचालन गर्दै आइरहेको छ । साथै सुम्निमा बहुप्राविधिक शिक्षालय मिति २०७८/०६/१९ गते देखि राष्ट्रिय सीप परीक्षण समिति द्वारा प्रमाणीकृत सीप परीक्षण केन्द्र (Accredited Skill Assessment Center ) को रूपमा ७ वटा पेशा कृषि प्राविधिक, जेटिए कृषि, ब्रिक लेयर मेसन, फर्निचर मेकर, प्लम्बर, स्टोन लेयर मेसन र बिल्डिङ इलेक्ट्रिसियन व्यवसायको सीप परीक्षण केन्द्रको रूपमा प्रमाणित गरिएको छ ।

जम्मा ४० रोपनी क्षेत्रफलमा रहेको यस शिक्षालयमा सुविधा सम्पन्न कक्षाकोठा, सिभिल इन्जिनियरिङ्ग तथा कृषिसंग सम्बन्धित ल्याब, उपकरण, वर्कसप, दक्ष प्रशिक्षकका साथै शिक्षण प्रशिक्षणका लागि उपयुक्त शैक्षिक वातावरण रहेको छ । यस शिक्षालयले विद्यार्थीहरूको पठनपाठनलाई प्रभावकारी बनाउन तथा निरन्तर सहजीकरणको लागि Placement & Career Counselling Unit (PCCU), Gender Equality and Social Inclusion (GESI) Unit, Management Information System (MIS) Unit, Business Incubation Center (BIC) तथा सिक,कमाउ र तिरको अवधारणा अन्तर्गत Production Unit समेत संचालनमा रहेको छ ।

यस शिक्षालयले विद्यार्थीहरूको बौद्धिक, मानसिक तथा शारीरिक क्षमताको विकाश गर्ने उद्देश्यले निरन्तर अतिरिक्त क्रियाकलाप तथा खेलकुद जस्ता गतिविधिहरू संचालन गर्दै आइरहेको छ । शिक्षालयमा अध्ययनरत विद्यार्थीहरूको सिकाइलाई समयसापेक्ष बनाउनको लागि Industry & Institute Linkage मा जोड दिदै आइरहेको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषदको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका अनुसार एस. इ. इ. परीक्षाको प्राप्ताङ्क अनुसार योग्यता क्रमका आधारमा सिभिल इञ्जिनियरिङ्गमा ४८ जना तथा कृषि (वालि विज्ञान) र (पशु विज्ञान) मा ४०/४० जना प्रशिक्षार्थीहरूले यो शिक्षालयमा अध्ययन गर्ने अवसर प्राप्त गर्दछन् । यस सुम्निमा बहुप्राविधिक शिक्षालयमा सञ्चालन गरिने कार्यक्रमहरूको कोटा विवरण देहाय अनुसार रहेको छ ।

**कार्यक्रम अनुसार कोटा विवरण**

| कोटाको शिर्षक | कार्यक्रम र कोटा | | |
|---|---|---|---|
| | कृषि वाली विज्ञान | कृषि पशु विज्ञान | सिभिल ईन्जिनियरिङ |
| क) निशुल्क कोटा | | | |
| १. वर्गीकृत छात्रवृती कोटा | ३ | ३ | ४ |
| २. जेहेन्दार छात्रवृती कोटा | १ | १ | १ |
| ३. CTEVT कर्मचारी परिवार कोटा | १ | १ | १ |
| **ख) पुर्ण शुल्कीय कोटा** | | | |
| १.भोजपुर जिल्लाका नगरपालीका/ गाउपालीका कोटा | १२ | १२ | १६ |
| २. प्रि-डिप्लोमा (TSLC) | ४ | ४ | ५ |
| ३. लक्षित वर्ग कोटा | ४ | ४ | ५ |
| ४. खुल्ला | १५ | १५ | १६ |
| जम्मा कोटा संख्या | ४० | ४० | ४८ |

**तिन बर्षको जम्मा शुल्क रू ५०,०००/- मात्र**



# महुरेगढी बहुप्राविधिक शिक्षालय, नुनथला खोटाङ: परिचय

महुरेगढी बहुप्राविधिक शिक्षालय (Mahuregadhi Polytechnic Institute), CTEVT को आंगिक शिक्षालय हो । यस शिक्षालयको पूर्वाधार निर्माणको लागि स्थानीय जग्गादाताबाट ६८.४ रोपनीको जग्गा प्राप्त भएको छ । वि.स. २०७५ सालदेखि यो शिक्षालय दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका १३, नुनथला खोटाङमा अवस्थित छ । यो शिक्षालय खोटाङ जिल्लाको सदरमुकाम दिक्तेलबाट १७ कि.मि र किरात, बौद्ध र हिन्दुहरुको त्रिधार्मिक पवित्र तिर्थस्थल हलेशीबाट १९ कि. मि. को दुरीमा रहेको छ । यो प्राविधिक शिक्षालय खोल्नुको मूख्य उदेश्य श्रम बजारको माग अनुसार यस भेगका युवा युवतीहरुले वैज्ञानिक रुपबाट ज्ञान, सीप र असल मनोवृतिका साथ पेशासँग जोडी आय आर्जनमा बढोत्तरी गर्नु हो । प्राविधिक शिक्षा मानवलाई जीबिकोपार्जन गर्न सहज र सरल बनाउने माध्यम भएकोले समतामूलक गूणस्तरीय शिक्षा मार्फत शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोडी उधमशिलताको विकाश सुनिश्चित गर्नु आजको आवश्यकता भन्ने भनाई यस शिक्षालयको मुख्य उदेश्य रहेको छ ।

देशमा उत्पादित विद्यार्थीको ७०% लाई प्राविधिक शिक्षाको पहुँच र अध्यापन गर्ने नीति अनुरुप देशको विभिन्न ठाउँहरुमा प्राविधिक शिक्षा विस्तार हुँदै गएको अवस्थामा यस शिक्षालयले हाललाई Diploma in Forestry र Diploma in Civil Engineering कार्यक्रम संचालन गर्दै आइरहेको छ । पूर्वाधार सम्पन्न, उच्च- स्तरीय प्रशिक्षक तथा प्रविधि मैत्री वातावारणमा अध्ययन अध्यापन गराइरहेको यस शिक्षालयले विविध किसिमको छोटो अवधिको तालिम समेत संचालन गर्दै आएको छ । यस प्राविधिक शिक्षालयले खुल्ला संगसंगै नेपाल सरकारको प्रचलित कानुन बमोजिम विभिन्न आरक्षण कोटा छुट्याई, सो अनुसार विद्यार्थी भर्ना लिई सस्तो र गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ । प्राविधिक शिक्षाका कार्यक्रमहरुमा समावेशी पहुँच सुनिश्चित गर्न महिला, आदिवासी/जनजाती, दलित, अपाङ, थारु मुस्लिम, पिछडिएको क्षेत्र, दण्ड पिडित जस्ता सुविधाबाट बन्चित समुहहरुलाई परिषद्को नीति अनुरुप यस शिक्षालयले निश्चित कोटाको समेत व्यवस्था गरेको छ ।

यस शिक्षालयमा कोशी प्रदेश कार्यालयको सामाजिक विकाश मन्त्रालय अन्तर्गत Quality परियोजना मार्फत शिक्षालय सुधार योजना शिर्षकमा ७०००००/- (सात लाख) बजेट अनुदान उपलब्ध गराएको थियो । यस शिर्षक बाट यस शिक्षालयले गरेका कार्यहरु वेव साइड तयार, GESI unit, PCMU unit, Surveying विषयको लागि GPS Machine, टेवल कुर्सी, ल्यापटपको व्यवस्था, रोजगार परामर्श तथा उद्योग व्यवसायहरुसंग अन्तर्क्रिया, रणनीतिक योजना निर्माण, पर्यावरण मैत्री शिक्षालयको स्थापना (ECO Efficiency School) शिक्षालयको लागि आवश्यक ICT सामग्री प्रिन्टर र क्यामेरा खरिद, शिक्षालयको संचार कार्यविधि निर्माण, पुर्व विद्यार्थी संजाल स्थापना जस्ता महत्वपूर्ण कार्यहरु गरेका छन् । यस शिक्षालयमा रणनीति योजना अनुसार सन् २०२८ सम्मको लागि प्रस्तावित कार्यक्रमहरुः प्रि-डिप्लोमा इन अमिन, डिप्लोमा इन फर्मेसी, डिप्लोमा इन आयुर्वेद फार्मेसी, Diploma in Agriculture, Diploma in Adventure Tourism, Diploma in Information Technology रहेका छन् ।

यस शिक्षालयको Diploma in Forestry र Diploma in Civil Engineering कार्यक्रममा पूर्ण शुल्किय तर्फ ६०,०००/- (साठी हजार) र सहुलियत तर्फ ४०,०००/- (चालीस हजार) मा विद्यार्थीहरु अध्ययन गरिरहेका छन् । यस शिक्षालयमा Diploma in Forestry कार्यक्रम अन्तर्गत ७० जना र Diploma in Civil Engineering कार्यक्रम अन्तर्गत ४५ जना गरी ११५ जना विद्यार्थी पास आउट भएका छन् भने यस शिक्षालयमा Diploma in Forestry कार्यक्रम अन्तर्गत ४४ जना र Diploma in Civil Engineering कार्यक्रम अन्तर्गत ४४ जना गरी ८८ जना विद्यार्थी अध्ययन गरिरहेका छन् । यस शिक्षालय बाट पास आउट भएर रोजगारी भएका विद्यार्थीहरु २५ % प्रतिशत रहेका छन् । डिप्लोमा तह संगै यहाको मानिसहरुलाई रोजगार बनाउने उदेश्यले छोटो अवधिको तालिम विभिन्न निकाय संगको समन्वयनमा संचालन गरिएका छन् । स्थानीय जनताको माग बमोजिम बेमौसमी तरकारी खेती, च्याउ खेती, टेलारिंग, बिल्डिंग इलेक्ट्रिसियन, मोटरसाइकल मेकानिक, मेसन, कार्पेनट्री, प्लाम्बिंग, स्काफोल्डिंग, लगायतका रोजगारमूलक तालीम संचालन गरी जनताको जीविकोपार्जनमा समेत सहयोग गर्दै आएको छ ।



# Uttarpani Polytechnic Institute, Dhankuta: An Introduction

### Vision:

UPI will be one of the center of excellence Technical School, in CTEVT system.

### Mission:

Produce basic/ middle level work force through long term instruction (18-36 months) to SEE appeared and passed students

### Goal:

- To ensure quality education.
- To provide competency based education.
- To develop competent work force .
- To make financially sustainable
- To create Professional development and career opportunities.
- To serve the community through school outreach program and skill based short term training (390 hrs).

### Introduction

Uttarpani Technical School, (UTS) was established in 1980 as a joint project of the government of Nepal and the Overseas Development Agency (ODA) under Technical Education Directorate of National Education. At present the school is running under the Council for Technical Education and Vocational Training (CTEVT). UTS is located at Dhankuta Municipality-10 Uttarpani Dhankuta, and 80Km far to the north east of province headquarter Biratnagar.

In the beginning UTS started7+3 TSLC program and was upgraded to 10+2 TSLC and started one year upgrading JT course in livestock in 1992. At present there is Agriculture trade under Pre- Diploma and three years Diploma in agriculture (major plant science and animal science) & Diploma in Pharmacy.

### Programs We Offer:

- Diploma in Agriculture (Plant Science)
- Diploma in Agriculture (Animal Science)
- Diploma in Pharmacy
- Pre-Diploma in Agriculture (Plant Science)
- Pre-Diploma in Agriculture (Animal Science)

### Total Fees structure:

*Pre Diploma Level: 12500/-*

*Diploma in Plant/Animal Science: 50500/-*

*Diploma in Pharmacy: 155000/-*







# श्रीराम मिथिला बहुप्राविधिक शिक्षालय,भोजपुरः परिचय

कोशी प्रदेश अन्तरगत भोजपुर जिल्ला रामप्रसादराई गाउँपालिका वडा नं. ०५ मा अबस्थित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आगिंक शिक्षालयको रुपमा बि.सं. २०७६ सालमा यस शिक्षालयको स्थापना भएको हो । भोजपुर जिल्ला सदरमुकाम बाट २३ किलोमिटर दक्षिण भेगमा अबस्थित यस शिक्षालयमा शैक्षिक सत्र २०७९।०८० बाट ३ वर्षे कृषि (वाली विज्ञान) कार्यक्रम सञ्चालनमा आएको छ । शैक्षिक सत्र २०८०।०८१ वाट सोही विषयमा प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम थप सञ्चालन हुँदै आएको छ । सीपयुक्त जनता समृद्ध नेपालको अवधारणालाई साकार पार्दै प्राविधिक शिक्षाको माध्यमबाट नै जनतालाई सीपयुक्त बनाई राज्यमा समृद्धि ल्याउन र प्राविधिक शिक्षामा सहज पहुँच पुर्याउने उद्धेश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आगिंक र आवसिय रुपमा सञ्चालित यस शिक्षालयले कृषि र भेटेरीनरी संकाय बिभिन्न पेशा तथा व्यावसायगत छोटो अबधिका सीपमूलक तालीमहरु पनि सञ्चालन गर्ने गरेको छ । करीब ५५ रोपनी क्षेत्रफलमा फैलिएको यस शिक्षालयको सम्पूर्ण जग्गा सम्माननीय पुर्वराष्ट्रपति श्रीमती बिद्यादेवि भण्डारीज्यूको पैत्रिक सम्पत्ती शिक्षालयलाई निःशुल्क उपलव्ध गराउनु भएको हो । शिक्षालयको बिधिवत समुद्घाटन तत्कालीन सम्माननीय राष्ट्रपति श्रीमती बिद्यादेवि भण्डारी ज्यूको बाहुलीवाट मिति २०७९।०८।२८ गते बुधवार भएको थियो ।

### सोच

पाँच वर्ष भित्र पूर्ण गतिशिल बहुप्राविधिक शिक्षालयको रुपमा स्थापना गर्ने ।

### लक्ष्य

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको माध्यमवाट कृषि र अन्य क्षेत्रको निम्न तथा मध्यम बर्गिय प्राविधिक जनशक्ति उत्पादन गर्ने जिवन्त शिक्षालयको रुपमा स्थापित गर्ने ।

### उद्देश्य

दिर्घकालीन सोँच र लक्ष्य प्राप्तिका लागि निम्न उदेश्यहरु राखिएको छ

- राज्यको आवश्यकतालाई परिपुर्ति हुने गरि दक्ष र क्षमतावान विषयगत र तहगत प्राविधिक जनशक्ति उत्पादन गर्ने ।
- शिक्षालयमा सिकाई योग्य, आवासिय, स्वच्छ र निष्पक्ष वातावरण सृजना गर्ने ।

### अवसर

- पर्याप्त भौतिक पूर्वाधार (भवन) निर्माण कार्य सम्पन्न भइसकेको ।
- पठनपाठन र छात्रवासका लागि शिक्षलयमा न्यूनतम पुर्वाधारको व्यवस्था भएको
- स्थानिय सरकारसँगको समन्वयमा १६ वटा स्थानिय कोटामा निःशुल्क छात्रवृत्ति सम्झौता भएको छ ।
- रक इन्टरनेशनल प्रा.ली काठमाण्डौं सँग शै.स. २०८१।०८२ को नियमित कार्यक्रममा अध्ययनरत २५ जना प्रशिक्षार्थीहरुलाई निर्वाह भत्ता सहितको निःशुल्क छात्रवृत्ति सम्झौता भएको हुनाले नियमित तर्फको सम्पुर्ण प्रशिक्षार्थीहरुले समेत निःशुल्क र आवसिय रुपमा पढ्न पाइरहेको अवस्थामा सरोकारवालाहरुसँगको समन्वयमा मागमा आधारित कार्यक्रम सञ्चालन गर्न सके शिक्षालयले थप गति लिन सक्ने देखिन्छ।





# मनमोहन स्मृति पोलिटेक्निक, मोरङः परिचय

नेपाल सरकार, भारत सरकार र मनमोहन स्मृति प्रतिष्ठानबिच वि.स. २०६० असार १६ गते नेपालका भूतपूर्व प्रधानमन्त्री स्व. मनमोहन अधिकारीको नाममा पोलिटेक्निक सञ्चालन गर्ने त्रिपक्षीय सम्झौता भयो । यस सम्झौता पश्चात् निर्माण कार्य शुरु भई वि.स. २०६५ मा भौतिकपूर्वाधार निर्माण कार्य सम्पन्न भयो । 'सीपयुक्त दक्ष जनशक्ति नै विकासको प्रमुख मेरुदण्ड हो' भन्ने अवधारणलाई आत्मासात गर्दै वि.सं. २०६५ देखि मोरङ जिल्लाको तत्कालीन हात्तीमुढा गाउँ विकास समितिमा पोलिटेक्निकले सि.टि.ई.भि.टि.बाट मान्यता प्राप्त डिप्लोमा तहको तीन बर्षे इन्जिनियरिङ्ग विषयका कक्षाहरू सञ्चालन गर्दै आएको छ। पोलिटेक्निकले मागमा आधारित छोटो तथा लामो अवधिका सीपमूलक प्राविधिक तालीमहरू देशका विभिन्न क्षेत्रमा निःशुल्करुपमा सञ्चालन गर्दै आइरहेको छ । यस पोलिटेक्निकको उद्देश्य प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपयुक्त तालीममार्फत राष्ट्रको आर्थिक उन्नती र प्रगतिमा टेवा पुऱ्याउने तथा विकरालरुपमा देखा परेको बेरोजगारी समस्यालाई न्यूनिकरण गर्ने रहेको छ।

### मुख्य विशेषताहरू

- नेपाल सरकारबाट २०७२, २०७३ र २०७५ सालमा कोशी प्रदेश के र २०८० मा नेपालकै उत्कृष्ट प्राविधिक शिक्षालय घोषणा तथा पुरस्कृत भएको ।.
- अत्याधुनिक मेसिन तथा उपकरणले सुसज्जित प्रयोगशाला भएको
- दक्ष तथा अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
- उत्तीर्ण विद्यार्थीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगार प्राप्त
- विभिन्न किसिमका छात्रवृत्ति तथा सहुलियत शुल्कको व्यवस्था भएको ।
- रोजगारीका लागि छुट्टै रोजगार इकाई भएको ।
- यातायातको सुविधा भएको ।
- पोलिटेक्निकबाट डिप्लोमा उत्तीर्ण विद्यार्थीहरूलाई उच्च अध्ययनको लागि मनमोहन प्राविधिक विश्वविद्यालयमा कोटा सुनिश्चित गरिएको ।
- राष्ट्रिय सीप परीक्षा समितिद्वारा प्रमाणिकृत सीप परीक्षण केन्द्र ।

### डिप्लोमा इन इन्जिनियरिङ्ग (तीन वर्षे)

1. इलेक्ट्रिकल– ४८ जना
2. इलेक्ट्रोनिक्स –२४ जना
3. मेकानिकल –४८ जना
4. सिभिल –४८ जना
5. इन्फर्मेशन टेक्नोलोजी (आई.टि.)– ४८ जना
6. आर्किटेक्चर –२४ जना
7. इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स –२४ जना

### प्रि डिप्लोमा (२४ महिने)

1. सिभिल इन्जिनियरिङ
2. इलेक्ट्रिकल इन्जिनियरिङ
3. मेकानिकल इन्जिनियरिङ
4. अटोमोबाइल इन्जिनियरिङ
5. इन्फरमेसन टेक्नोलोजी

### प्रोफेसनल तालीम (१६९६ घण्टा)

1. विल्डिङ इलेक्ट्रिसियन
2. कम्प्युटर हार्डवेयर टेक्निसियन
3. लाईट भेइकल मेकानिक
4. प्लम्बर लगायत अन्य सम्झौता बमोजिम



### Progress Details of from fiscal year 2065/66 to 2078/79

| S. No. | Program | Enrolled | Produced | Job placed | Higher Study | Drop Out | Preparing for Job |
|---|---|---|---|---|---|---|---|
| 1 | Civil Engineering | 568 | 546 | 313 | 101 | 20 | 132 |
| 2 | Electrical Engineering | 684 | 589 | 454 | 93 | 95 | 41 |
| 3 | Electronics Engineering | 584 | 498 | 351 | 53 | 86 | 94 |
| 4 | Mechanical | 660 | 572 | 448 | 73 | 89 | 51 |
| 5 | Electrical and Electronics | 69 | 57 | 26 | 6 | 12 | 25 |
| 6 | Architecture | 57 | 45 | 11 | 2 | 12 | 32 |
| Total | | 2622 | 2307 | 1603 | 328 | 314 | 375 |

# कोशी प्रदेश अन्तरगतका जिल्ला अनुसार रहेका प्राविधिक शिक्षालयहरूको विवरण

| क्र.सं. | जिल्ला | CTEVT अन्तर्गतका प्राविधिक शिक्षालयहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | आंगिक शिक्षालय | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम TECS | साझेदार शिक्षालय | समबन्धन प्राप्त निजी शिक्षालय | जम्मा शिक्षालय संख्या |
| १ | ताप्लेजुङ | ० | २ | ० | ० | २ |
| २ | पाँचथर | ० | १ | ० | ० | १ |
| ३ | इलाम | १ | २ | ० | २ | ५ |
| ४ | झापा | ० | ६ | ७ | १५ | २९ |
| ५ | मोरङ | ० | ७ | ५ | १४ | २६ |
| ६ | सुनसरी | ० | ३ | २ | १५ | २० |
| ७ | धनकुटा | १ | १ | ० | २ | ४ |
| ८ | तेह्रथुम | १ | १ | ० | ० | २ |
| ९ | संखुवासभा | ० | १ | ० | १ | २ |
| १० | भोजपुर | २ | २ | ० | ० | ४ |
| ११ | सोलुखुम्बु | ० | २ | १ | ० | ३ |
| १२ | ओखलढुङगा | ० | ५ | ० | १ | ६ |
| १३ | खोटाङ | १ | ४ | ० | १ | ६ |
| १४ | उदयपुर | ० | ४ | ० | २ | ६ |
| कुल जम्मा | | ७ | ४१ | १५ | ५३ | ११६ |

Source: CTEVT ITMS



## कोशी प्रदेशमा शैक्षिक सत्र २०८१/०८२ मा डिप्लोमा कार्यक्रमहरुमा विद्यार्थी भर्ना तथ्यांक

| क्र.सं. | कार्यक्रम | शिक्षालय संख्या | भर्ना क्षमता | भर्ना संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| 1 | पशुविज्ञान | 13 | 520 | 141 | 27.1 |
| 2 | वाली विज्ञान | 21 | 840 | 124 | 14.8 |
| 3 | Food and Dairy Technology | 1 | 40 | 6 | 15 |
| कृषि जम्मा | | 35 | 1400 | 271 | 19.4 |
| 1 | होटल व्यवस्थापन जम्मा | 2 | 80 | 32 | 40 |
| 2 | सिभिल इ. | 35 | 1680 | 366 | 21.8 |
| 3 | सिभिल इ.(विशेष छात्रवृत्ती) | 1 | 15 | 14 | 93.3 |
| 4 | सिभिल इ.(Specialized Hydro) | 2 | 96 | 26 | 27.1 |
| 5 | इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स | 2 | 72 | 16 | 22.2 |
| 6 | कम्प्युटर इ. | 8 | 384 | 102 | 26.6 |
| 7 | आइटी | 5 | 240 | 98 | 40.8 |
| 8 | इलेक्ट्रिकल इ. | 2 | 96 | 67 | 69.8 |
| 9 | जियोमेट्रिकइ. | 4 | 192 | 29 | 15.1 |
| 10 | इलेक्ट्रोनिक्स | 1 | 24 | 16 | 66.7 |
| 11 | मेकानिकल इ. | 1 | 48 | 28 | 58.3 |
| 12 | Architecture Engineering | 3 | 120 | 10 | 8.3 |
| इन्जिनियरिङ जम्मा | | 64 | 2967 | 772 | 26.02 |
| 1 | नर्सिङ | 10 | 400 | 400 | 100 |
| 2 | फार्मेसी | 20 | 800 | 771 | 96.4 |
| 3 | फार्मेसी(Special) | 1 | 40 | 36 | 90 |
| 4 | जनरल मेडिसन | 25 | 1000 | 575 | 57.5 |
| 5 | जनरल मेडिसन (विशेष छात्रवृत्ती) | 1 | 40 | 40 | 100 |
| 6 | जनरल आयुर्वेद मेडिसन | 1 | 40 | 37 | 92.5 |
| 7 | मेडीकल ल्याव | 24 | 730 | 488 | 66.8 |
| 8 | रेडियोलोजी | 8 | 240 | 107 | 44.6 |
| 9 | Ophthalmic Science | 2 | 80 | 20 | 25 |
| 10 | फिजीयोथेरापी | 5 | 200 | 67 | 33.5 |
| स्वास्थ्य जम्मा | | 97 | 3570 | 2541 | 71.2 |
| 1 | Forestry | 4 | 160 | 33 | 20.6 |
| All Program Enrollment | | 202 | 8177 | 3649 | 44.63 |

Source: CTEVT ITMS



# कोशी प्रदेशमा शैक्षिक सत्र २०८१/०८२ मा प्रि- डिप्लोमा कार्यक्रमहरुमा विद्यार्थी भर्ना तथ्यांक

| क्र.सं. | कार्यक्रम | शिक्षालय संख्या | भर्ना क्षमता | भर्ना संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| 1 | पशुविज्ञान | 8 | 320 | 103 | 32.2 |
| 2 | पशुविज्ञान विशेष छात्रवृत्ती | 1 | 25 | 17 | 68 |
| 3 | वाली विज्ञान | 15 | 600 | 154 | 25.7 |
| ४ | Veterinary Science | 2 | 80 | 21 | 26.3 |
| कृषि जम्मा | | 26 | 1025 | 295 | 32.2 |
| 1 | सिभिल इ. | 18 | 720 | 94 | 13.1 |
| 2 | सिभिल इ. (Apprenticeship Model) | 2 | 45 | 45 | 100 |
| 3 | कम्प्युटर इ. | 10 | 400 | 135 | 33.8 |
| 4 | IT (Apprenticeship Model) | 7 | 180 | 150 | 83.3 |
| 5 | Electrical Engineering (Apprenticeship Model) | 1 | 20 | 20 | 100 |
| 6 | मेकानिकल इ. (Apprenticeship Model) | 1 | 20 | 20 | 100 |
| 7 | Survey Engineering | 5 | 200 | 29 | 14.5 |
| 8 | Automobile Engineering (Apprenticeship Model) | 1 | 20 | 20 | 100 |
| इन्जिनियरिङ जम्मा | | 45 | 1605 | 513 | 31.96 |
| 1 | Total (ECDF) (Apprenticeship Model) (Pre) | 3 | 85 | 85 | 100 |
| 2 | Total (Tea Technology) (Apprenticeship Model) (Pre) | 1 | 30 | 26 | 86.67 |
| 3 | होटल व्यवस्थापन (Apprenticeship Model) (Pre) | 1 | 30 | 30 | 100 |
| All Program Enrollment | | 76 | 2775 | 949 | 34.20 |

Source: CTEVT ITMS



# सुम्निमा बहुप्राविधिक शिक्षालय द्वारा सीपमुलक तालीम सम्पन्न ।

सुम्निमा बहुप्राविधिक शिक्षालयले आ.ब. २०८१/०८२ मा दक्षतामा आधारित ८ वटा सिपमुलक तालीम संचालन गरेको छ। स्थानिय यूवा युवती, कृषक तथा नेपाल प्रहरी र सशस्त्र प्रहरिबलका कर्मचारिहरूलाई विभिन्न पेशा व्यवसायका १६० घन्टे तालीमहरू समापन गरेको छ। उक्त सीपमुलक तालीमहरू भोजपुर नगरपालिका, भोजपुर नगरपालिका वडा नं ५ को कार्यालय, हतुवागढि गाउपालिका, भोजपुर नगरपालिका वडा नं. ६ को कार्यालय तथा जिल्ला प्रहरी कार्यालय भोजपुर र सशस्त्र प्रहरी बल ५ नं गुल्म हेडक्वाटर टक्सारको समन्वयमा तथा सहकार्यमा तपसिल बमोजिमको तलिमहरू संचालन भएको हो ।

| क्र.सं. | तालीमको नाम | तालीम अवधि | संख्या |
|---|---|---|---|
| १. | सामदायिक कृषि सहायक | १६० घन्टे | २० जना |
| २. | सामदुायिक पशु सेवा सहायक | १६० घन्टे | २० जना |
| ३. | सामदुायिक पशु सेवा सहायक | १६० घन्टे | २० जना |
| ४. | आधारभुत क्मप्यूटर | १६० घन्टे | २० जना |
| ५. | बिल्डिङ्ग इलेकट्रिसियन | १६० घन्टे | २० जना |
| ६. | आधारभुत क्मप्यूटर | १६० घन्टे | २० जना |
| ७. | पल्म्बर | १६० घन्टे | २० जना |
| ८. | च्याउ खेती | १६० घन्टे | २० जना |

सामुदायिक कृषि सहायक र च्याउ खेतीमा प्रमोद राई, बसन्त राई, मो. मुमताज आलम, सामुदायिक पशु सेवा सहायकमा डा. मनिष साह, संन्तोष कटुवाल, आधारभुत कम्प्यूटरमा ई. अवधेश ओझा बिल्डिङ्ग इलेक्ट्रिसियनमा अनिल बस्नेत त्यस्तै पल्म्बरको तालिममा ई निरज अधिकारी र ई रोशन मेचेले प्रशिक्षण दिनु भएको थियो।

सामुदायिक पशु सेवा सहायक तालिमको उदघाटन र समापन भोजपुर नगरपालिकाका मेयर कैलाश कुमार आलेले गर्नु भएको थियो उक्त कार्यक्रममा बोल्दै नगर प्रमुखले सीपलाई उत्पादनसँग जोडेर रोजगारी श्रृजना गर्न सवैलाई आग्रह गर्नुभयो । सीपलाई व्यवसायिक बनाएर उद्योग स्थापना गरि अन्यलाई पनि रोजगारी दिनु पर्नेमा उहाँको जोड थियो ।

त्यस्तै आधारभुत कम्प्यूटर, बिल्डिङ्ग इलेक्ट्रिसियन र प्लम्बर तालिमको उदघाटन र समापन भोजपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्रीमान नर बहादुर थापाले गर्नु भएको थियो वहाले नेपाल प्रहरी र सशस्त्र प्रहरीको एक सिपाही एक सिप कार्यक्रम सराहनीय रहेको तथा प्रहरी जवानहरूले सीपमुलक तालिम सिकिसकेपछी सीपको सम्मान गर्नु पर्छ र यसलाई सदुपयोग गर्नु पर्ने बताउनु भयो । स्वरोजगार बनाउने यो तालिम प्रभावकारी रहेको उहाँले चर्चा गर्नुभयो ।

यस्तै सामुदायिक कृषि सहायक र च्याउ खेति तालिमको उदघाटन र समापन भोजपुर नगरपालिका वडा नम्बर ५ का वडाअध्यक्ष फबिन्द्र प्रधानले गर्नु भएको थियो वहाले सिकेको सीपलाई स्वदेशमै सदुपयोग गर्न आग्रह गर्नुभयो । लगानी र मेहेनत गरे यहिँ प्रतिफल प्राप्त हुने उहाँको धारणा थियो ।

त्यस्तै सामुदायिक पशु सेवा सहायक तालीम हतुवागढी गाउँपालिकामा संचालन भएको थियो उक्त तालिमको उदघाटन र समापन गाउपालिका अध्यक्ष श्री प्रेम कुमार राईले गर्नु भएको थियो वहाले तालिममा सिकेका कुरालाई वेवास्ता नगरी हुवहु कार्यान्वयन गर्न सहभागीलाई आग्रह गर्नु भयो । बृहत रूपमा पशु स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्नु पर्ने भन्दै उहाँले यस तालिममा छुटेकाहरूलाई आगामी कार्यक्रममा सहभागी गराउने बताउनु भयो ।

सीपयुक्त जनता समृद्ध नेपाल भन्ने मुल नाराका साथ यो तालिमहरूको आयोजना गरिएको शिक्षालय प्रमुख राजीव कुमार ठाकुरले जानकारी दिए ।



# प्राविधिक शिक्षा पढ्न भोजपुरमा ५ पालिकाले दिए अनुदान

आफ्नो पालिका भित्रका विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा प्रोत्साहन गर्ने उद्देश्यका साथ पालिकाहरूले अनुदान दिन सुरु गरेका छन । जिल्लाका पाँच पालिकाले विद्यार्थीका लागि निःशुल्क अनुदान उपलब्ध गराउने छन् ।

भोजपुर नगरपालिका वडा नम्बर ६, देउरालीमा रहेको सुम्निमा बहुप्राविधिक शिक्षालयमा अध्ययनका लागि भोजपुर नगरपालिका १३ जना, पौवादुङमा गाउँपालिकाले १२ जना, आमचोक गाउँपालिका छ जना र हतुवागढी गाउँपालिकाले छ जना विद्यार्थीहरूलाई प्राविधिक शिक्षा अध्ययनको लागि सत प्रतिशत अनुदान उपलब्ध गराएको हो । यस्तै रामप्रसादराई गाउँपालिकाले आफ्नै वडा नम्बर पाँचमा सञ्चालनमा रहेको राममिथिला बहुप्राबिधिक शिक्षालयमा अध्ययनका लागि अनुदान उपलब्ध गराएको छ ।

अबको प्राविधिक तथा सीपयूक्त शिक्षा प्रभावकारी हुने भएकोले नगरपालिकाले पनि यस आर्थिक वर्षबाट अनुदानको कार्यक्रम सुरु गरेको भोजपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुकुन्द राईले बताउनुभयो । उहाँका अनुसार नगरपालिकाले नगर भित्रका १३ जना एसईई उत्तीर्ण विद्यार्थीलाई अनुदानमा पढ्ने व्यवस्था गरेको छ । नगरपालिकाले आगामी वर्षहरूमा पनि यसलाई निरन्तरता दिदै जाने जानकारी दिनु भयो ।

भोजपुरमा सञ्चालित सुम्निमा बहुप्राविधिक शिक्षालयमा तीन बर्से कार्यक्रम अन्तर्गत सिभिल इन्जिनियरिङ, कृषि पशु विज्ञान र कृषि बाली विज्ञानका कक्षाहरू सञ्चालन हुँदै आएको शिक्षालय प्रमुख राजीव कुमार ठाकुरले बताउनुभयो । उहाँका अनुसार तीन बर्षे कार्यक्रम अन्तर्गत एक विद्यार्थी बरावर ५० हजार शुल्क लाग्ने छ । जसमा किस्ताबन्दीरुपमा रकम भुक्तानी गर्न सकिने छ । पहिलो वर्ष २३ हजार, दोस्रो र तेस्रो वर्ष १३ हजार पाँच सयका दरले रकम भुक्तानी गर्न सकिने छ ।

जिल्लाको पौवादुङमा गाउँपालिका १२ जना पालिकाका विद्यार्थीलाई प्राविधिक शिक्षाका लागि सत प्रतिशत अनुदानको व्यवस्था गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नविन भट्टराईले जानकारी दिनुभयो । विद्यार्थीलाई अध्ययनका लागि आवेदन गर्न पनि पालिकाले सूचना जारी गरेको छ ।

यस्तै जिल्लाको दक्षिणमा रहेको आमचोक गाउँपालिकाले प्राविधिक शिक्षाका लागि १६ जनलाई प्राविधिक शिक्षाका लागि अनुदानको व्यवस्था गरिएको छ । पालिकाका प्रमुख प्रशासकीय अधिकृत धनकुमार राईले भोजपुरका लागि तीन वटै संकायका लागि दुई दुई जना, सहिद स्मृति मावि इटहरीमा विज्ञान संकायका लागि दुई जना, नरबहादुर कर्मचार्य बहुप्राबिधिक शिक्षालय इटहरीका लागि आठ जनालाई पालिकाले अध्ययनको लागि अनुदान उपलब्ध गराएको बताउनुभयो । उहाँले भन्नुभयो, “प्राविधिक जनशक्ति उत्पादनमा पालिकाको सहयोगले मद्दत पुग्ने छ भने विद्यार्थीहरूलाई प्रोत्साहन पनि हुने छ ।

दक्षिणी क्षेत्रको हतुवागढी गाउँपालिकाले पनि छ जना विद्यार्थीहरूलाई अनुदानमा प्राविधिक शिक्षा पढ्नका लागि रकम व्यवस्थापन गर्ने निमित्त प्रमुख प्रशासकीय अधिकृत सुमनहरी राईले बताउनुभयो । रामप्रसाद राई गाउँपालिकाले पनि विद्यार्थीहरूलाई अनुदान उपलब्ध गराउँदै आएको राममिथिला बहुप्राबिधिक शिक्षालयका प्रमुख नवीन चापागाईले बताउनुभयो ।

भोजपुरमा दुई नगरपालिका र सात वटा गाउँपालिका रहेका छन । अन्य पालिकाहरूले पनि अनुदानको व्यवस्था गर्न सकेमा प्राविधिक शिक्षा पनि मजबुत हुने र स्थानिय तहमा प्राविधिक जनशक्तिको अभाव नहुने कुरामा शिक्षालय प्रमुख राजीव कुमार ठाकुर र नविन चापागाईको भनाइ रहेको छ । प्राविधिक शिक्षाका लागि भोजपुर नगरपालिकामा सुम्निमा र जिल्लाको रामप्रसादराई गाउँपालिका वडा नम्बर पाँचमा राममिथिला बहुप्राबिधिक शिक्षालय सञ्चालनमा रहेको छ ।



# जीपीए आधारित भर्ना नीति : प्राविधिक शिक्षा सुधारको आयाम



**दीपिका शर्मा**
**उप-निर्देशक**
प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

### १. परिचय : प्राविधिक शिक्षामा सुधारको आवश्यकता

नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको महत्व दिन प्रतिदिन बढ्दो छ। प्राविधिक शिक्षा तथा व्यावसायिक ताली म परिषद् (CTEVT) २०४५ सालमा स्थापना भई दक्ष, योग्य र रोजगारीमुखी जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ कार्यरत छ। यस संस्थाले स्वास्थ्य, इन्जिनियरिङ, कृषि, होटल व्यवस्थापनलगायतका संकायमा विविध कार्यक्रम सञ्चालन गर्दै मुलुकको आर्थिक, सामाजिक र औद्योगिक विकासमा योगदान पुऱ्याउँदै आएको छ। तर विगतका वर्षहरूमा प्रवेश परीक्षा नीति, भर्ना क्षमता र समावेशितामा देखिएका चुनौतीका कारण भर्ना नीतिमा सुधारको आवश्यकता महसुस गरिएको थियो।

### २. नयाँ भर्ना निर्देशिका २०८२ सुधारको आधार

परिषद्को परीक्षा समितिले स्वीकृत गरेको "प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२" मा जीपीए (Grade Point Average) मा आधारित नयाँ भर्ना नीति लागू गरिएको हो। यस नीतिगत संशोधनमा परिषद्ले विगतका अनुभव, सरोकारवालाहरूको सुझाव र विभिन्न समयमा परिषद्बाट गठन गरिएका समिति तथा कार्यटोलीहरूले दिएका प्रतिवेदनका सिफारिस साथै नेपाल सरकारको २०८२ को नीति तथा कार्यक्रम समेतलाई आधार मानेर आवश्यक परिवर्तन तथा सुधार गरेको हो।

### ३. जीपीए आधारित भर्ना नीतिका मुख्य विशेषता

जीपीए आधारित भर्ना नीतिका मुख्य विशेषताअनुसार अब सबै कार्यक्रमका लागि एकीकृत निर्देशिका लागू गरिएको छ, जसले सम्पूर्ण भर्ना प्रक्रिया एकरूप र व्यवस्थित बनाएको छ। यस अन्तर्गत वर्गीकृत (निःशुल्क), पूर्ण शुल्कीय तथा विशेष छात्रवृत्ति कार्यक्रमका लागि अनलाइन आवेदन नीतिको व्यवस्था गरिएको छ, जसले विद्यार्थीलाई सजिलै आवेदन दिन सक्ने वातावरण सिर्जना गरेको छ। विद्यार्थीको योग्यताक्रम एसईई मा प्राप्त जीपीए कै आधारमा प्रकाशन गरिनेछ, जसमा सामुदायिक विद्यालयका एसईई उत्तीर्णलाई थप १ अंक र संस्थागत विद्यालयका उत्तीर्णलाई ०.८५ अंक थपिने व्यवस्था छ। यदि प्राप्ताङ्क बराबर हुने अवस्था आएमा गणित, विज्ञान र अंग्रेजीको क्रमअनुसार प्राथमिकता दिइनेछ। साथै, दुर्गम क्षेत्रका विद्यार्थीलाई थप प्राथमिकता दिने प्रावधानले भर्ना प्रक्रियामा समावेशिता र समान अवसरको सुनिश्चितता गर्ने अपेक्षा गरिएको छ।

### ४. प्रवेश परीक्षाको सट्टा जीपीए नीति आवश्यक पर्ने कारण

नयाँ जीपीए आधारित भर्ना नीति लागू गर्नुका पछाडि थुप्रै व्यावहारिक र दीर्घकालीन दृष्टिले महत्वपूर्ण कारणहरू छन्, जसको सकारात्मक प्रभाव व्यवस्थापन, विद्यार्थी र परिवार सबै पक्षमा पर्नेछ। व्यवस्थापमा यस नीतिले समय र स्रोतको बचत गर्छ। छुट्टै प्रवेश परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण, परीक्षा केन्द्र व्यवस्थापन, उत्तरपुस्तिका मूल्यांकन र नतिजा प्रकाशन जस्ता कार्यमा लाग्ने ठूलो मात्रामा जनशक्ति, समय र खर्च बचत हुन्छ। एकीकृत प्रक्रियाबाट सबै कार्यक्रमको भर्ना एकै पटक हुने भएकाले पटक-पटक परीक्षा लिनुपर्ने आवश्यकता हट्छ, जसले प्रशासनिक कार्यक्षमता बढाउँछ। यसले व्यवस्थापनलाई शिक्षण, गुणस्तर सुधार, अनुसन्धान र विद्यार्थीको क्षमता विकासमा बढी ध्यान केन्द्रित गर्न सक्ने अवसर दिन्छ।

विद्यार्थीमा प्रवेश परीक्षाको तयारीका कारण हुने तनाव र अनिश्चितताबाट उनीहरू मुक्त हुन्छन्। अब भर्ना उनीहरूको एसईई मा गरेको वास्तविक शैक्षिक उपलब्धिको आधारमा हुनेछ, जसले मेहनत गर्ने विद्यार्थीलाई प्रत्यक्ष फाइदा पुऱ्याउँछ। अनावश्यक कोचिङ, अभ्यास कक्षा वा लामो यात्रामा समय खर्च गर्नु नपर्ने भएकाले विद्यार्थी आफ्नो समय र ऊर्जा आगामी अध्ययनको तयारीमा प्रयोग गर्न सक्छन्।

परिवारमा यस नीतिले आर्थिक भार कम गर्छ। प्रवेश परीक्षाका लागि लाग्ने कोचिङ शुल्क, यातायात खर्च, बसोबास खर्चजस्ता अतिरिक्त बोझ हट्छन्, जसले विशेषगरी आर्थिक रूपमा कमजोर परिवारलाई ठूलो राहत पुऱ्याउँछ। यसका साथै, भर्ना प्रक्रिया पारदर्शी र निष्पक्ष हुने भएकाले अभिभावकमा भर्ना नीतिप्रतिको भरोसा बढ्छ  र उनीहरू आफ्ना सन्तानको भविष्यबारे ढुक्क हुन सक्छन्।

यसरी हेर्दा, जीपीए आधारित भर्ना नीति व्यवस्थापनको कार्यक्षमता, विद्यार्थीको आत्मविश्वास र परिवारको आर्थिक तथा मानसिक सहजतालाई सन्तुलित रूपमा सम्बोधन गर्ने महत्वपूर्ण सुधारको रूपमा देखिन्छ, जसले प्राविधिक शिक्षामा पारदर्शिता, पहुँच र समान अवसर सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ।

### ५. पहुँच र समावेशितामा सुधार

भर्ना क्षमता भन्दा कम संख्यामा आवेदन पर्ने अवस्थाले स्पष्ट पार्छ कि प्राविधिक शिक्षामा अझै पनि पर्याप्त पहुँच, सूचना र अवसरका समस्या छन्। यस सन्दर्भमा जीपीए आधारित भर्ना नीति एक महत्वपूर्ण समाधानका रूपमा आउँछ। ग्रामीण, आर्थिक रूपमा कमजोर र सीमित शैक्षिक पहुँच भएका विद्यार्थीहरू प्राविधिक शिक्षामा प्रवेश पाउन धेरैजसो अवस्थामा प्रवेश परीक्षाको तयारी, यात्रा, आवास र सम्बन्धित खर्चको कारण पछि हट्ने अवस्था सिर्जना हुँदै आएको थियो। प्रवेश परीक्षाको झन्झट हटाएर जीपीए आधारित नीति लागू गर्दा यी विद्यार्थीहरूको लागि बाधा घट्छ, जसले उनीहरूलाई सहज रूपमा आवेदन दिन र प्रतिस्पर्धामा भाग लिन प्रेरित गर्छ।

विशेषगरी भर्ना क्षमताभन्दा कम आवेदन पर्ने अवस्थामा यो नीतिले नयाँ अवसर सिर्जना गर्छ। अब विद्यार्थीहरूले आफ्नो एसईई मा पाएको वास्तविक शैक्षिक उपलब्धिका आधारमा प्रवेश पाउने भएकाले उनीहरूलाई परीक्षा तयारीका लागि समय, पैसा र श्रम खर्च गर्नुपर्दैन। यसले उनीहरूलाई आवेदन दिन प्रोत्साहित गर्छ, जसको परिणामस्वरूप खाली सिटको संख्या घट्न सक्छ।

साथै, समान अवसरको प्रावधान जस्तै सामुदायिक विद्यालयका विद्यार्थीलाई थप १ अंक, दुर्गम क्षेत्रका विद्यार्थीलाई प्राथमिकता ले प्रतिस्पर्धामा उनीहरूको स्थान मजबुत बनाउँछ। यसले शहरी वा सुविधा सम्पन्न पृष्ठभूमिका विद्यार्थीहरूसँग ग्रामीण र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूको प्रतिस्पर्धात्मक क्षमता बढाउँछ।

यसरी, भर्ना क्षमताभन्दा कम आवेदन पर्ने समस्या समाधान गर्न जीपीए आधारित भर्ना नीतिले सुगमता, समावेशिता र समान अवसरलाई व्यवहारमा उतार्ने काम गर्छ। दीर्घकालीन रूपमा यसले प्राविधिक शिक्षाको पहुँच विस्तार, विद्यार्थी संख्या वृद्धि र समग्र भर्ना दरमा सकारात्मक प्रभाव पार्ने सम्भावना उच्च छ।

### ६. विद्यार्थीको आत्मविश्वास र प्रेरणामा वृद्धि

एसईई को नतिजा नै भर्नाको आधार हुने हुँदा विद्यार्थीले कक्षा १० मा गरेको मेहनतको प्रत्यक्ष मूल्याङ्कन हुन्छ र यसले उनीहरूको शैक्षिक उपलब्धिको सम्मान मात्र होइन, उसमा गर्वको भाव पनि उत्पन्न गराउँछ। भर्ना प्रक्रिया पारदर्शी र पूर्वानुमान गर्न सकिने भएकाले विद्यार्थीलाई आफ्नो परिणामकै आधारमा छनोट हुने विश्वसनीयता मिल्छ, जसले उनीहरूको आत्मविश्वास अझ मजबुत हुदैजाने तथा प्राविधिक शिक्षा पढ्न विद्यार्थीहरू उत्प्रेरीत समेत हुनेछन ।

### ७. एसईई को गुणस्तर सुधारमा सहयोग

एसईई को गुणस्तर सुधारमा जीपीए आधारित भर्ना नीतिले दीर्घकालीन र संरचनात्मक प्रभाव पार्ने सम्भावना राख्छ। यस नीतिमा भर्नाको आधार विद्यार्थीको एसईई मा प्राप्त स्तरीकृत अङ्क (जीपीए) भएकाले विद्यालयहरूले आफ्ना विद्यार्थीको नतिजा प्रतिस्पर्धात्मक बनाउन बाध्य हुन्छन्। यसका लागि विद्यालयहरूले नियमित पाठ्यक्रमअनुसार मात्र होइन, गुणस्तरीय शिक्षण पद्धति, समयमै परीक्षा तयारी कक्षा, अतिरिक्त अभ्यास कक्षा (Remedial Classes) र शैक्षिक परामर्श सेवा (Counseling) जस्ता कार्यक्रमहरू सञ्चालन गर्न प्रेरित हुन्छन्।

यसको प्रत्यक्ष असर कक्षा १० मात्र नभई कक्षा ८ र ९ देखिनै देखिन्छ, किनकि विद्यार्थी र अभिभावक दुवैलाई थाहा हुन्छ कि जीपीए नै भविष्यको प्राविधिक शिक्षा प्रवेशको मुख्य आधार हो। यसकारण विद्यार्थीहरू निरन्तर अध्ययनमा अनुशासन पालना गर्न, गृहकार्य तथा परियोजना कार्यमा सक्रिय रहन र विषयगत कमजोरीलाई समयमा सुधार गर्न तत्पर हुन्छन्।

यस नीतिले विद्यालयहरूबीच स्वस्थ प्रतिस्पर्धा सिर्जना गर्छ, जसमा आफ्नो विद्यालयको एसईई नतिजा सुधार्न सबै विद्यालयले प्रयास गर्छन्। राम्रो नतिजा दिने विद्यालयको प्रतिष्ठा, विद्यार्थी भर्ना दर र समुदायको विश्वास बढ्ने भएकाले, विद्यालय व्यवस्थापन शिक्षण गुणस्तरमा निरन्तर सुधार गर्न बाध्य हुन्छ।

यसरी, जीपीए आधारित भर्ना नीतिले विद्यार्थीमा लक्ष्य उन्मुखता र विद्यालयमा गुणस्तर सुधारको अनिवार्यता ल्याउँछ, जसको परिणामस्वरूप एसईई मात्र होइन, समग्र माध्यमिक शिक्षा नीतिको स्तरमा सकारात्मक परिवर्तन सम्भव हुन्छ।

### ८.दीर्घकालीन लाभ र सुधार

जीपीए आधारित भर्ना नीतिले दीर्घकालीन रूपमा प्राविधिक शिक्षाको गुणस्तर, समावेशिता र प्रतिस्पर्धात्मकतालाई मजबुत बनाउने क्षमता राख्छ। यस नीतिबाट प्राविधिक शिक्षालयमा मेधावी र योग्य विद्यार्थीको भर्ना सुनिश्चित हुन्छ, जसले दक्ष जनशक्ति उत्पादनमा निरन्तर गुणस्तर कायम राख्न मद्दत गर्छ। तर दीर्घकालीन लाभलाई स्थायी र व्यापक बनाउनका लागि केही प्राथमिक सुधारात्मक पक्षहरूमा ध्यान दिन जरुरी छ। पहिलो, गुणस्तरीय प्रशिक्षण व्यवस्थापनलाई निरन्तर सुधार गर्दै प्रशिक्षकहरूको दक्षता, तालिम पद्धति र मूल्याङ्कन नीतिलाई अद्यावधिक गर्नुपर्छ। दोस्रो, पूर्वाधार विकासमा लगानी बढाउँदै प्रयोगशाला, कार्यशाला, पुस्तकालय, आईसीटी सुविधा र आवासको व्यवस्था सुदृढ गर्न आवश्यक छ। तेस्रो, पाठ्यक्रम र तालिम सामग्रीलाई बजारको माग र प्रविधिको विकाससँग मेल खाने बनाउँदै अद्यावधिक गर्नुपर्छ, ताकि विद्यार्थीलाई स्नातक भइसकेपछि सीधै रोजगार, स्वरोजगार वा उद्यमशीलतामा प्रवेश गर्न सहज होस्। चौथो, उद्योग-व्यवसायसँगको सहकार्य विस्तार गर्दै तालिम अवधिमा नै औद्योगिक भ्रमण, इन्टर्नसिप, अप्रेन्टिसशिप र जवप्लेसमेन्ट कार्यक्रमलाई मजबुत बनाउनुपर्छ। पाँचौं, समाजमा प्राविधिक शिक्षाप्रतिको सकारात्मक धारणा विकास गर्न व्यापक प्रचार-प्रसार, सफलताका उदाहरण र सीप रोजगारी सम्बन्धी तथ्याङ्क प्रस्तुत गर्न आवश्यक छ।यसरी, जीपीए आधारित भर्ना नीतिको दीर्घकालीन प्रभावलाई अधिकतम बनाउन शिक्षण गुणस्तर, पूर्वाधार, उद्योग-सम्पर्क र सामाजिक धारणामा समान रूपमा सुधारको पहल गर्नुपर्छ। यसले प्राविधिक शिक्षा क्षेत्रलाई नीतिगत रूपमा सुदृढ गर्दै, नेपाललाई सीपयुक्त, रोजगारीमुखी र प्रतिस्पर्धी राष्ट्रका रूपमा अघि बढाउन सक्नेछ।

### ९. निष्कर्ष

***जीपीए आधारित भर्ना नीति प्राविधिक शिक्षामा पारदर्शिता, पहुँच र गुणस्तरको नयाँ युगको सुरुवात हो। यसले प्रवेश प्रक्रियालाई सरल, निष्पक्ष र समावेशी बनाउँदै प्राविधिक शिक्षामा योग्य र मेधावी विद्यार्थीलाई सहज पहुँच दिलाउने मार्ग खोल्छ। प्रवेश परीक्षाको तनाव र आर्थिक बोझ हटाएर विद्यार्थीको आत्मविश्वास बढाउने यस नीतिले शिक्षा क्षेत्रमा गुणस्तरीय सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ। साथै, व्यवस्थापन पक्षमा समय, लागत र स्रोतको बचत हुँदा प्राविधिक शिक्षाको प्रशिक्षण र पूर्वाधार विकासमा थप ध्यान दिन सकिनेछ।यस नीतिले एसईई को गुणस्तर सुधारमा पनि योगदान पुर्याउँदा समग्र शिक्षा नीतिलाई बलियो बनाउनेछ। यद्यपि नेपालमा दक्ष जनशक्ति उत्पादन अभियानलाई प्रभावकारी बनाउन यसको सही ढंगले कार्यान्वयन गर्न जरुरी छ।***

# सीपले बदलिएको जीवन



नामः मुकेश कुमार साह

ठेगानाः गढी गाँउपालिका ६, कोशी प्रदेश

उमेरः २५ बर्ष

गढी गाउँपालिका ६, हातिमुडाका २४ वर्षीय मुकेश कुमार साहको जीवन कुनै समय अन्योलले भरिएको थियो। एसईई परीक्षा पास गरेपछि भविष्यप्रति अनिश्चित थिए। के सीप सिक्ने? कुन पेसा रोज्ने? यो निर्णय लिन उनी संघर्षरत थिए ।तर उनको बाल्यकालदेखिको एउटा स्पष्ट सपना थियो एक दक्ष इलेक्ट्रिसियन बन्ने ।बाल्यकालमै जागेको सपना पुरा गर्नका लागि मुकेशले गाउँकै एक इलेक्ट्रिसियनसँग दैनिक ज्यालादारीमा सहायकको रूपमा काम गर्न सुरु गर्छन् । कठोर मेहनत गर्दासमेत औपचारिक तालीमको अभावले गर्दा आत्मविश्वास खस्कँदै गइरहेको थियो। घरको जेठो छोरा भएका कारण जिम्मेवारी पनि बढ्दै गइरहेको थियो । यस्तो अवस्थामा, जीवनमा ठुलो मोड आयो।

### अवसरको ढोका: ENSSURE परियोजना

एकदिन उनले ENSSURE परियोजनाको सहयोगमा महानगर पोलिटेक्निक इन्स्टिच्युटमा सञ्चालित २४ महिनाको निःशुल्क Pre-Diploma in Electrical Engineering अप्रेन्टिशीप तालिमको बारेमा थाहा पाए । उनले आवेदन दिए र प्रवेश परीक्षा पनि उत्तीर्ण गरे । यहि दिन देखि मुकेशको जीवनले नयाँ मोड लियो।

### तालिम र औद्योगिक अनुभव

मुकेशले तालीम सुरु गरे र केही समयपछि सुनसरीको सोनापुरस्थित प्रगति टेक्सटाइल उद्योगमा औद्योगिक तालीमको अवसर पाए । मासिक रु. ४,५०० रुपैयाँको प्रोत्साहन भत्ता पाएपछि उनले आफ्नो मेहनतको मूल्य पाएको महसुस गरे । अझै अगाडि बढ्ने लक्ष्यसहित उनी काठमाडौं आए र मल्टिटेक बिल्डिङ कम्पनी, बुढ्नीलकण्ठमा थप सीप सिक्न थाले। तालीम र 'ब्याक टु स्कूल कार्यक्रम सँगसँगै सन्तुलन मिलाउनुपर्ने चुनौती हुँदा हुदै उनले हार मानेनन् ।

### सफलता र पहिचान


उनको समर्पण र निरन्तर प्रयासको फलस्वरूप उनलाई कोशी प्रदेशको एशियन हाईवे परियोजना अन्तर्गत सर्किट एण्ड टेक्निकल कन्स्ट्रक्सनमा काम गर्ने अवसर प्राप्त भयो। सुरुमा मासिक १७,००० /- रुपैयाँ कमाउने मुकेश अहिले २५,०००/- रुपैयाँ, खाना र बसाइ सुविधा सहित कमाइरहेका छन्। कन्ट्रोल प्यानल जडानमा देखिएको दक्षताका आधारमा उनलाई पदोन्नति दिइयो। अहिले उनी एक जिम्मेवार प्राविधिकका रूपमा काम गर्दैछन्, जुनियर टेक्निसियनलाई सुपरभिजन गर्दै महत्वपूर्ण विद्युतीय कार्य सम्हालिरहेका छन्।

उनका प्रशिक्षक भन्छन्, "सुरुमा हामीलाई शंका थियो कि उनी नेतृत्व गर्न सक्छन कि सक्दैनन् भनेर। तर अहिले उनी एक उत्कृष्ट टेक्निसियन बनेका छन्। नियमित नयाँ कुरा सिक्छन् एउटा असल कर्मचारीमा हुनुपर्ने सबै गुण छन् उनमा।"

### परिवारको गर्व र समाजप्रतिको सन्देश

आज मुकेश आफ्नो आम्दानीबाट परिवारलाई सहयोग गर्दै आईरहेका छन् । उनी ENSSURE परियोजना र महानगर पोलिटेक्निक इन्स्टिच्युटप्रति आभारी छन्, जसले रोजगारीमैत्री सीप सिक्ने मौका दिएको छ । उनको सन्देश छ:

"रोजगारीको लागि विदेश जानै पर्दैन। नेपालमै सिप सिकेपछि पनि थुप्रै अवसरहरु छन्। काम गर्न, पैसा कमाउन र उज्यालो भविष्य निर्माण गर्न सकिन्छ। सीपले समाजको पनि विकास गर्छ।" सपना देख्न र त्यसलाई पछ्याउन कहिल्यै ढिला हुँदैन भन्ने पाठ उनको सफलताले दिन्छ । त्यसैले पनि मुकेशको कथा आजका युवाहरूका लागि प्रेरणाको स्रोत हो ।





# आत्मनिर्भर श्रद्धा: युवाहरूको प्रेरणा




**नामः श्रद्धा परियार**

**ठेगानाः ईटहरी उप-महानगर पालिका**

**उमेरः २४ बर्ष**

शी प्रदेशको इटहरी निवासी २४ वर्षीया श्रद्धा परियारले देखाएको आत्मविश्वास, परिश्रम र निरन्तरता आज धेरै युवाहरूका लागि प्रेरणाको स्रोत बनेको छ। ENSSURE परियोजना अन्तर्गत प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम (TVET) को अवसरबाट लाभान्वित हुँदै श्रद्धाले आफ्नो जीवनलाई नयाँ दिशा दिएकी छिन् ।

### अवसरको खोजी

प्लस टु तहको अध्ययन सकेपछि श्रद्धालाई आफ्नो करियरबारे अन्योल थियो। यत्तिकैमा काकीबाट उनलाई ENSSURE परियोजनामार्फत उपलब्ध अवसरहरूको जानकारी प्राप्त भयो। उनले नरबहादुर कर्माचार्य स्मृति विद्यालयमा सञ्चालित २४ महिनाको ड्युल भेट-अप्रेन्टिशीप प्रि-डिप्लोमा कार्यक्रम अन्तर्गत हस्पिटालिटी म्यानेजमेन्ट (Hospitality Management) को विषय अध्ययन गर्ने निर्णय गरिन्। यही निर्णयले उनको जीवनमा महत्वपूर्ण मोड ल्यायो ।

### सीप, अनुभव र आत्मविश्वासको विकासः

तालीमकै क्रममा श्रद्धाले बेलखा रिसोर्टमा On the Job Training (OJT) पूरा गरिन् । उक्त तालीमले उनलाई मासिक रु ४,३०० प्रोत्साहन भत्ता त प्राप्त भइहाल्यो, तर त्योभन्दा पनि उनका लागि महत्वपूर्ण कुरा भनेको अनुभवले उनको आत्मविश्वास र हस्पिटालिटी क्षेत्रमा अगाडि बढ्ने प्रेरणा दियो । दुई वर्षको व्यावहारिक तालीमपछि श्रद्धाको व्यावसायिक विकास उल्लेखनीय विकास भयो। आज उनी Nepalirika Hotel मा मासिक रु २३ हजारमा काम गर्दैछिन्। आफ्नो भविष्यप्रति उत्साहित हुँदै उनी भन्छिन्,

"हस्पिटालिटी एक उदयमान र जीवन्त क्षेत्र हो, जसले मलाई निरन्तर नयाँ सिप सिक्न र अगाडि बढ्न सहयोग गरिरहेको छ। एक दिन म यो क्षेत्रमा आफ्नै व्यवसाय सुरु गर्ने सपना देखिरहेकी छु।"

### परिवर्तनको अर्को नाम श्रद्धा

ENSSURE परियोजनाको प्रभाव श्रद्धाको जीवनमा केवल रोजगारीसम्म सीमित छैन। उनले घरपरिवारमा महिलाको भूमिकालाई नै नयाँ परिभाषा दिएकी छिन्। उनको आर्थिक स्वतन्त्रताले आमालाई गर्व दिलाएको छ, जसले महिलाहरू पनि कमाउन सक्छन्, नेतृत्व गर्न सक्छन् भन्ने विश्वास जगाएको छ।

श्रद्धा गहिरो विश्वास राख्छिन् कि TVET तालीम रोजगारी र व्यक्तिगत विकासको लागि एक शक्तिशाली साधन हो। उनी भन्छिन्, "आर्थिक रूपमा स्वतन्त्र भएपछि ठूलो सपना देख्न सकिन्छ । म आफ्नो भविष्यप्रति उत्साहित छु र अझै अग्ला सफलताको शिखर चुम्ने लक्ष्य लिएको छु।"

श्रद्धाको कथाले देखाउँछ सही समयमा सीप विकासको अवसर पाउँदा, महिलाहरू पनि आत्मनिर्भर, सक्षम र नेतृत्वदायी बन्न सक्छन् । यस कथाले हजारौं युवाहरूलाई प्रेरणा दिन सक्छ कि सीपको माध्यमबाट जीवन परिवर्तन सम्भव छ ।



# मजुदरदेखि मेकानिकल सुपरभाईजरसम्म




**नामः रक्की राजबंसी**

**ठेगानाः दुहबी गाँउपालिका ७, कोशी प्रदेश**

**उमेरः २९ वर्ष**

### पृष्ठभूमि

दुहबी नगरपालिका ७, मोरङका स्थायी बासिन्दा २९ वर्षीय रक्की राजबंसी एक सामान्य परिवारमा हुर्किएका युवा हुन् । आर्थिक जिम्मेवारी वहन गर्न उनले अझै विद्यालयमै पढिरहेकै बेला स्थानीय फर्निचर मिलमा जुनियर टेक्निसियनको रूपमा काम गर्न थाले। प्राविधिक ज्ञान सीमित थियो, जीवन गुजार्न कठिन । तैपनि, उनले कहिल्यै आशा छाडेनन् । मनमा थियो एक दिन आफू मेकानिकल इन्जिनियर बन्ने चाहना ।

### तालिम र अवसरः

उनको जीवनमा टर्निङ प्वाइन्ट तब आयो, जब गाउँमै सञ्चालित सूचनामूलक कार्यक्रममार्फत ENSSURE परियोजनाको Dual VET-Apprenticeship कार्यक्रमबारे जानकारी पाए । उज्जवल भविष्यको लक्ष्यसहित रक्कीले मनमोहन मेमोरियल पोलिटेक्निकमा मेकानिकल इन्जिनियरिङ तालिममा नाम लेखाए । यद्यपि, उनीसँग औपचारिक तालिम र अनुभव थिएन, तर आफ्नो सीप बढाउने र जीवन परिवर्तन गर्ने दृढ संकल्प थियो।

### तालिम अनुभव र सीप विकास

तालिम अन्तर्गत उनी १९ महिना CG Food Industry मा प्लान्ट मर्मत सम्भारमा कार्यस्थल तालिम (OJT) मा संलग्न भए । त्यहाँ उनले CG कम्पनीका प्रशिक्षक जय किशोर नेपालबाट प्रत्यक्ष मार्गदर्शन पाए । व्यवहारिक अनुभवले उनको आत्मविश्वास बढायो र व्यावसायिक यात्राको दिशा निर्धारण गर्‍यो । रक्की भन्छन्: "सैद्धान्तिकभन्दा व्यवहारिक ज्ञान धेरै उपयोगी रह्यो । Apprenticeship तालिमकै कारण म आज सक्षम बन्न सकेको छु उनले भने।

### परिणाम र हालको अवस्था

शुरुमा रक्कीले मासिक रु.४,००० कमाउँथे । निरन्तर मेहेनत, सिक्ने चाहना र समर्पणका कारण उनले पछि स्थायी रोजगारी प्राप्त गरे । आज उनी मेकानिकल क्षेत्रमा मासिक रु.२४,००० कमाउँदै केही कर्मचारीहरूको सुपरभाइजरको रूपमा काम गरिरहेका छन् । उनको कमाइले परिवारको खर्च र छोराको शिक्षालाई सहज बनाएको छ।

### रक्कीको भनाइ र प्रेरणा

"यदि मैले यी सीपहरू प्राप्त गरेको थिएन भने सायद म आज पनि मजदुरी नै गरिरहेको हुन्थेँ। अहिले म एक आत्मविश्वासी मेकानिकल टेक्निसियन बनेको छु र यस क्षेत्रमा अझै अघि बढ्ने लक्ष्य राखेको छु।"

रक्की युवाहरुलाई जुनसुकै क्षेत्रमा भए पनि सीपमा आधारित तालिम लिन प्रेरित गर्छन्। उनी विश्वास गर्छन् कि प्राविधिक सीपले रोजगारीका अवसर मात्र होइन, आत्मविश्वास पनि बढाउँछ र उज्ज्वल भविष्यको ढोका खोलिदिन्छ।

### निष्कर्ष

रक्की राजबंसीको कथाले देखाउँछ —सीप भनेको केवल जागिरको माध्यम मात्र होइन, नयाँ जीवन सुरुवात गर्ने आधार पनि हो। उनले प्राप्त गरेको सफलताले प्राविधिक तालिमले कसरी युवाको जीवनमा रुपान्तरण ल्याउन सक्छ भन्ने उत्कृष्ट उदाहरण प्रस्तुत गर्दछ ।

भए । उनले मनमोहन मेमोरियल पोलिटेक्निकमा



# अप्रेन्टिसिपले सक्षम बनाएको यात्रा



**नामः तेजनारायण राजबंशी**

**ठेगानाः मोरङ जिल्ला, कोशी प्रदेश**


**उमेरः २३ वर्ष**

## पृष्ठभूमि

कोशी प्रदेशको मोरङ जिल्लाको सानो गाउँमा हुर्किएका तेज नारायण राजबंशीलाई सानैदेखि कम्प्युटरप्रतिको गहिरो रुचि थियो । घरको आर्थिक अवस्था, सीमित स्रोतसाधन र अवसरका कारण उनका लागि आफनो बुवाको पेशा विद्युत्त मिस्त्री अपनाउनु पर्ने बाध्यता सिर्जना हुदै थियो । माध्यमिक शिक्षा पूरा गरेपछि दिशाहीन अवस्थामा पुगेका तेज नारायणले रोजगारीको कुनै अवसर नपाएपछि विकल्पको रुपमा परिवारलाई सहारा दिन मिस्त्रीसहायकको रूपमा काम गर्न सुरु गर्छन् ।

## अवसरको पहिचान:

जीवनको रुचि एकातिर काम अर्कैतिर अन्यौल मै दिनहरु बिताईरहेका तेजनारायणलाई उनको एकजना मिल्ने साथीले ENSSURE परियोजनाबाट सहयोग प्राप्त २४ महिनाको Dual-VET अप्रेन्टिसशिप प्रि-डिप्लोमा (आईटी) तालिमबारे जानकारी दिन्छन्। तालिम आदर्श माध्यमिक विद्यालयमा सञ्चालित थियो। यो अवसरलाई उनले तुरुन्तै समाते र तालिममा भर्ना भए ।



## तालिमको यात्रा:

तालिमले कक्षा शिक्षासँगै व्यावहारिक अनुभव पनि दियो। उनले १९ महिनाभन्दा बढी समय व्यावसायिक अभ्यास गर्दै, सूचना प्रविधि क्षेत्रमा प्रत्यक्ष काम गरे । मासिक ४,००० रुपैयाँ प्रोत्साहन भत्ता प्राप्त गर्दै उनले प्राविधिक सीप मात्र होइन, आत्मविश्वास, समस्या समाधान, र डिजिटल उपकरणहरूको प्रयोगको बारेको सीप राम्रोसंग सिक्ने अवसर पाउछन् । उनी कार्यक्रमका पहिलो IT अप्रेन्टिसमध्ये एक बन्न सफल भए ।

## हालको अवस्था:

आज तेज नारायण बर्गर पेन्ट्समा कार्यरत छन्, जहाँ उनले 3D सेवा प्रदान गर्दै मासिक ३०,००० रुपैयाँ आम्दानी गरिरहेका छन्। स्थिर आम्दानीले उनको जीवनमा ठूलो परिवर्तन ल्याएको छ । अब उनी आफ्ना व्यक्तिगत खर्चहरू आफैं व्यहोर्छन् र भाइबहिनीहरूको शिक्षामा पनि सहयोग गर्छन् । परिवारको आर्थिक दबाब घटेको छ र उनका आमाबुबाले छोराको उपलब्धिमा गर्व गरेका छन् । तेज अहिले परिवारका लागि आधार स्तम्भ जस्तै भएका छन् ।

## सामाजिक प्रभाव:

सामाजिक रूपमा पनि तेजको आत्मविश्वास र पहिचान दुवै बलियो बनेको छ । समाजमा अहिले उनी "अवसरको प्रतीक्षा गर्ने व्यक्ति" होइन, "सीपयुक्त IT व्यवसायी" का रूपमा चिनिन्छन् । गाउँघरमा उनी युवाहरूका लागि प्रेरणादायी पात्र बनेका छन् ।

## उनको सन्देश:

"म सबै युवालाई प्राविधिक तथा व्यावहारिक सीप सिक्न प्रोत्साहित गर्न चाहन्छु । यसले तपाईंलाई जागिर पाउन मात्र होइन, आफ्नो अवसर निर्माण गर्न पनि स्वतन्त्रता दिन्छ। चाहे अरूकोमा काम गर्नहोस् वा आफ्नै व्यवसाय सुरु गर्न, सहि सीपले तपाईंको पहिचान फरक बनाउँछ, समस्याको समाधान दिन्छ र जुनसुकै अवस्थामा पनि अनुकूल हुन मद्दत गर्छ ।

## सारांश:

अनिश्चितताबाट आत्मनिर्भरतासम्मको तेजको यात्राले प्राविधिक तालिमको महत्वलाई दर्शाउछ । उचित मार्गनिर्देशन र समर्पणका साथ उनले आफ्नो जीवन आर्थिक, सामाजिक र व्यक्तिगत रूपले परिवर्तन गरि प्रमाणित गरेका छन् कि सीप नै उज्यालो भविष्यको आधार हो ।



# युवाहरूकालागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम (QualiTY) परियोजना

नेपाल सरकार र स्वीजरल्याण्ड सरकार बीच भएको द्विपक्षीय सम्झौता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका कार्यक्रमहरू सञ्चालित शिक्षण संस्थाहरूको व्यवस्थापकीय सुधार तथा जनशक्तीको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले युवाहरूका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (Quality Technical and Vocational Education and Training(TVET) for Youth -QualiTY)/(क्वालिटी) परियोजना सञ्चालन गरिएको छ । परियोजनाको मुख्य उदेश्य भनेको सुविधा बिहिन समूहका युवाहरू सहित नेपाली युवाहरू गुणस्तरीय शिक्षा तथा अझ राम्रो रोजगारबाट लाभान्वित हुने रहेको छ । कोशी प्रदेशमा हाल ३१ वटा प्राविधिक शिक्षालयहरुमा यो परियोजना सञ्चालनमा रहेको छ ।

सन २०२२ नोभेम्बर देखी यस मन्त्रालयले क्वालिटी परियोजनाका कार्यक्रमहरू सञ्चालन गरेको छ र परियोजनाको पहिलो चरणका लागि निर्धारित समयावधि सन २०२६ जुलाई सम्म कार्यक्रमहरू सञ्चालन गरिने छन् ।

आ. व. २०८१/०८२ को अन्त्य सम्ममा क्वालिटी परियोजना अन्तर्गत विभिन्न गतिविधिहरू सम्पन गरिएका छन् ।

• शिक्षालयहरूलाई प्राविधिक सहयोग गरी स्व-मुल्यांकन गर्न लगाई त्यसका आधारमा सम्बन्धित सबै सरोकारवालाहरू संग छलफल गरी शिक्षालयको आगामी ५ वर्षको रणनैतिक योजना सहितको शिक्षालय सुधार योजना(SIP) बनाई व्यवस्थापन समितिबाट अनुमोदन गरिएको छ ।

• छनोट भएका शिक्षालयहरूबाट २९ जना प्रशिक्षकलाई Comprehensive Instruction Skill(CIS) तालिम प्रदान गरिएको थियो

• ८४ जना प्राचार्य, प्रशिक्षक, सूचना अधिकारी र लेखा तथा जिन्सी कर्मचारीहरूको लागि क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको थियो ।

• परियोजनाले यसै वर्ष ३१ वटा TVET शिक्षालयहरूलाई निर्धारित गुणस्तर मापदण्ड अनुसार शिक्षालय सुधार योजना(SIP) निर्माणमा सहयोग तथा सहजीकरण गरेको छ

• १० वटा TVET शिक्षालयहरूलाई शिक्षालय सुधार योजना (SIP) र ८ वटा शिक्षालयहरूलाई आइ.सी.टि. सामग्रीका लागि बजेट सहित सहयोग प्रदान गरिएको थियो ।

• नमुना शिक्षालय विकास सहयोग अन्तर्गत १ वटा शिक्षालय छनोट गरी सहयोग प्रदान गरिएको थियो ।

• परियोजनाको प्राविधिक सहयोगमा प्रदेशको समग्र TVET को अवस्थाका बारेमा विस्तृत जानकारी सहितको दस्तावेज प्रदेशमा पहिलो पटक प्रादेशिक TVET प्रोफाइलको रुपमा निर्माण गरिएको छ ।

• श्रम बजारमा TVET को माग र अवसरहरूका साथै, तालिम प्रदायक संस्था र रोजगारदाताबीच प्रभावकारी समन्वय, अपेक्षा स्पष्टता, सूचनाको आदानप्रदान, सकारात्मक पृष्ठपोषण साझा गर्नुका साथै कार्यक्रमले रोजगारदाता र तालिम प्रदायक शिक्षालयहरू बीचको सम्बन्ध विस्तार र सहकार्य गर्नका लागि एक दिने कार्यक्रम सञ्चालन गरेको छ ।


• स्तर निर्धारण, राष्ट्रिय पाठ्यक्रम प्रारूप, TSSP कार्यान्वयन योजना र TVET प्रोफाइल जस्ता विषय सम्बन्धी जानकारी प्रदान गर्ने उद्देश्यले TVET सरोकारवालाहरूलाई एक दिने कार्यशाला समेत सम्पन्न गरेको छ ।

क्वालिटी परियोजनाले शिक्षालयहरूको समग्र सुशासन र व्यवस्थापनलाई सुदृढ गर्नको लागि शिक्षण संस्थाहरूलाई सहयोगका गर्नुका साथै प्रशिक्षक, व्यवस्थापक र कर्मचारीहरूको क्षमता अभिवृद्धि गरि गुणस्तर सुधार गर्न सहयोग पु-याएको छ । साथै यस परियोजनाले शिक्षणसंस्था र रोजगार दाताहरू बीच समन्वय र सहकार्य मार्फत समग्र शिक्षण सिकाईको गुणस्तर सुधार गरी स्तर-निर्धारणको प्रकृया कार्यान्वयन गर्न सहयोग पु-याएको छ ।



# कोशी प्रदेशमा NVQS परियोजना

राष्ट्रिय योग्यता प्रारूप (NQF) को मूल ढाँचा
नेपाल




(+) = प्राविधिक योग्यताको प्रमाणपत्र वा डिग्री हासिल गर्न नपुग अतिरिक्त ज्ञान एवम् सिकाइ
(क्युए QA) = राष्ट्रिय योग्यता प्राधिकरणले तोकिएको मापदण्ड अनुसार योग्यता परीक्षण
(एनभिक्यु NVQ) = राष्ट्रिय व्यावसायिक योग्यता
(एनक्यु NQ) = राष्ट्रिय योग्यता
ISCED: International Standard Classification of Education

नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना-दोस्रो चरण (Nepal Vocational Qualifications Project, Phase II - NVQS P-II) नेपालको प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम (TVET) क्षेत्रको प्रणालीगत सुधारका लागि नेपाल सरकार र स्वीस सरकार बिचको द्विपक्षीय सहयोगमा सञ्चालित दीर्घकालीन परियोजना हो। यस परियोजनाले राष्ट्रिय व्यावसायिक योग्यता प्रणालीको स्थापनार्थ कार्य गर्दै आएको छ । संघीय तहमा प्राविधिक शिक्षा तथा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) र राष्ट्रिय सीप परीक्षण समिति (NSTB), तथा प्रदेश तहमा सामाजिक विकास मन्त्रालय वा शिक्षा सम्बद्ध मन्त्रालयबाट सीटीईभिटी प्रदेश कार्यालयसँगको निकट समन्वयमा विगत चार वर्ष देखि कोशी प्रदेशमा कार्यान्वयनमा रहेको छ। परियोजनाको कार्यान्वयन अवधि जुलाई २०२६ सम्म कायम छ र स्वीसकन्ट्याक्टले यसलाई प्राविधिक सहयोग प्रदान गर्दै आएको छ। ।परियोजनाको पहलमा नेपाल सरकारले राष्ट्रिय योग्यता प्रारूप (National Qualification Framework- NQF) स्वीकृत गरिसकेको छ । यसको सफल कार्यान्वयन पश्चात्, नेपालका प्राविधिक र व्यावसायिक योग्यताहरूको तहगत रूपमा राष्ट्रिय/अन्तर्राष्ट्रिय मान्यता तथा शैक्षिक प्रगति पथ सहज र व्यवस्थित हुने अपेक्षा राखिएको छ ।यसले अन्ततः सीपयुक्त जनशक्तिको रोजगार योग्यताको अभिवृद्धि भई उनीहरूको आय स्तर र जीवनस्तरमा सुधार हुँदै गरिवी न्यूनीकरण र समावेशी विकासमा टेवा पुग्ने लक्ष्य लिएको छ।

### गत आ. व. २०८१/०८२ प्रमुख गतिविधि तथा उपलब्धिहरू:

परियोजनाको उद्देश्य प्राप्तिका लागि पूर्व निर्धारित परिणामहरूमा केन्द्रित भई गत आ. व. २०८१/०८२ मा विभिन्न क्रियाकलापहरू सञ्चालन गरिएका थिए ।

इकाइगत दक्षताका आधारमा पूर्व सिकाइको मान्यता (RPL) विधिद्वारा गरिने सीप परीक्षणको दरखास्त आह्वानका लागि नवीनतम प्रविधिको प्रयोग गर्दै सुनसरी जिल्लाका १,६०,५०७ जना Ncell मोबाइल प्रयोगकर्ता हरूलाई थोक एसएमएस (Bulk SMS) प्रेषण गरिएको थियो ।यस प्रविधि प्रयोगबाट लक्षित युवाहरूले जानकारी प्राप्त गरी सीप परीक्षणको दरखास्त फाराम संकलनमा सहयोग पुगेको थियो।

त्यसै गरी, गुणस्तरीय सीप परीक्षण सुनिश्चित गर्न कोशी प्रदेशका नौ वटा प्रमाणिकृत सीप परीक्षण केन्द्रहरूमध्ये तीन वटा केन्द्रहरूलाई सीप परीक्षणमा प्रयोग हुने औजार उपकरण लगायतका भौतिक सहयोग प्रदान गरिएको थियो ।उक्त सहयोग मनमोहन स्मृति पोलिटेक्निक, मोरङ, सुम्निमा बहुप्राविधिक शिक्षालय, भोजपुर र रत्नकुमार वान्तवा बहुप्राविधिक शिक्षालय, इलामले प्राप्त गरेका थिए ।

भौचर कार्यक्रम मार्फत पूर्व सिकाइ मान्यता विधि (RPL) बाट विभिन्न छ वटा पेशाहरूमा (वेल्डर - तह २, बिल्डिङ पेन्टर-तह २,प्लम्बर-तह २,रेफ्रिजिरेसन तथा ए.सि. मेकानिक-तह २ र कम्प्युटर

हार्डवेयर एण्ड नेटवर्क टेक्निसियन -तह २) १८० जानाको सीप परीक्षण सम्पन्न भई नतिजा प्रकाशनको क्रममा रहेको छ।

पूर्व सिकाइको मान्यता विधिद्वारा  सीप परीक्षणमा आवश्यक हुने सीप मूल्याङ्कन परामर्शकर्ताको अभावलाई सम्वोधन गर्नका लागि विराटनगरमा तीन दिवसीय सीप मूल्याङ्कन परामर्शकर्ता तालिम सञ्चालन गरिएको थियो ।यसबाट १६ जना विभिन्न पेशाका सीप मूल्याङ्कन परामर्शकर्ता तयार भइ उक्त कार्यका लागि आवश्यकता भएका वेला  परिचालित गर्न सकिने अवस्था सृजना भएको छ।

स्थानीय तहमा TVET प्रणालीलाई दीर्घकालीन रूपमा संस्थागत गर्न, कोशी प्रदेश सरकारबाट स्वीकृत नेपाल व्यावसायिक योग्यता प्रणाली कार्यान्वयन निर्देशिका, २०७९-दफा -९ बमोजिम स्थानीय स्तर TVET समन्वय समितिको गठनमा सहजीकरण गरी उक्त समितिलाई क्रियाशील तुल्याइ स्थानीय तहमा TVET लाई दीर्घकालीन रूपमा संस्थागत गर्नाका लागि नगरपालिका/गाउँपालिका प्रमुखको अध्यक्षतामा सात सदस्यीय समिति रहने प्रावधान रहेको छ । उक्त समिति गठनका लागि उदयपुर, ओखलढुंगा, खोटाङ र सोलुखुम्बुका जिल्लाका १९ वटा पालिकाको सहभागितामा उदयपुर जिल्लाको गाईघाटमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीएको थियो ।हालसम्म कोशी प्रदेशमा २२ वटा पालिकाहरूमा स्थानीय स्तर TVET समन्वय समिति गठन भइसकेको छ ।

यस परियोजनाले निजी क्षेत्र लगायतका प्रमुख सरोकारवालाहरूसँग समन्वय र अभिमुखीकरण गर्दै उनीहरूको क्षमता अभिवृद्धिका क्रियाकलापहरू सञ्चालन गरेको थियो। यसको अलावा कार्याअनुभव वा निरन्तर सिकाइबाट व्यावसायिक दक्षता हासिल गरेका युवाहरूमध्ये १४८ जनाले गत वर्ष RPL प्रक्रिया अन्तर्गत प्रमाणपत्र प्राप्त गरेका छन्।

समग्रमा हेर्दा, गत आ. व. २०८१/०८२ मा परियोजनाले राष्ट्रिय व्यावसायिक योग्यता प्राणालीको महत्वबारे जनचेतना अभिवृद्धि गर्ने र गुणस्तरीय सीप परीक्षण सुनिश्चितताका लागि आवश्यक पर्ने सहयोगलाई प्राथमिकता दिइएको थियो।




CTEVT कोशी प्रदेश कार्यालय, इटहरी द्वारा e-News Bulletin को पहिलो अंक प्रकाशन गरिएको छ । यस e-News Bulletin को मुख्य उदेश्य भनेको कोशी प्रदेश अन्तरगत प्राविधिक शिक्षा तथा तालीम संग सम्बन्धित गतिविधिहरुलाई पाठक समक्ष पुर्‍याउनु हो। यो हाम्रो पहिलो प्रयास हो र यसमा केही त्रुटीहरुपनि हुनसक्छ त्यसैले उक्त त्रुटिहरुको बारेमा हामिलाई जानकारि गराइदिनुहुन र आगामी अंकहरुमा समावेश गर्नु पर्ने विषयबस्तुहरुको बारेमा पाठक बर्ग तथा हाम्रो सरोकारवालाहरु बाट आवश्यक सल्लाह सुझाव सहित हाम्रो इमेल ठेगाना ctevtkoshiadvertismentunit@gmail.com मा पृष्ठपोषण (Feedback) पठाइ सहयोग गरिदिनु हुन सम्पुर्ण मा हार्दिक अनुरोध छ ।

सम्पादक समुह

# फोटो फिचर


















# फोटो फिचर










CTEVT सुम्निमा बहुप्राविधिक शिक्षालय
३७ औं CTEVT स्थापना दिवस
२०८१ फागुन १२ गते
प्रभातफेरी





